# मार्चवारी गा.पा. को शिक्षा ऐन २०७५

**प्रस्तावनाः**

राष्ट्रिय विकासका आवश्यक दक्ष, योग्य, सीपयुक्त जनशक्ति उत्पादन गर्न तथा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न मर्चवारी गाउँपलिकामा स्थापना भई संचालन भैरहेका तथा स्थापना हुने विद्यालयहरूको व्यवस्थापनमा सुधार गर्दै आधारभूत तथा माध्यमिक शिक्षा व्यवस्थापन सम्बन्धी स्थानीय सरकार सञ्चालन ऐन २०७५ को परिच्छेद ३ को दफा ११ (२) ज बमोजिमका अधिकारहरू कार्यान्वयन गर्न वाञ्छनीय भएकोले, " नेपालको संविधानको धारा २२६ अनुसूची ८" तथा "स्थानीय सरकार संचालन ऐन, २०७५ को परिच्छद-५ दफा २० र २१ " बमोजिम मर्चवारी गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिपत नाम र प्रारम्भ :-**

क) यस ऐनको नाम " मर्चवारी क्षिक्षा ऐन, २०७५" रहेको छ ।
ख) यो ऐन मर्चवारी गाउँपलिका क्षेत्र भर लागू हुनेछ ।
ग) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः-**

(क) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठ सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ख) "प्रारम्भिक बाल शिक्षा केन्द्र" भन्नाले चार वर्ष उमेर पूरा भई पाँच वर्ष उमेर पूरा नगरेको बालबालिकाको लागि खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, केजी, मन्टेश्वरी आदि सम्झनु पर्छ ।

(ग) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(घ) "गाउँपलिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको गाउँपालिका सम्झनु पर्छ । सो शब्दले मर्चवारी गाउँ पालिकालाई जनाउने छ ।

(ङ) "कार्यपालिका" भन्नाले मर्चवारी गाउँ पालिकाको गाउँ सभालाई सम्झनु पर्छ ।

(च) "गाउँ सभा" भन्नाले मर्चवारी गाउँ पालिकाको गाउँ सभालाई सम्झनु पर्छ ।

(छ) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शरीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ ।

(ज) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ ।

(झ) " प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्ना कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

(ञ) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकार तथा गाउँ पालिकाबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ट) " संस्थागत विद्यालय" भन्नाले निजी लगानीमा संचालन गर्न अनुमती वा स्वीकृति प्राप्त गरी संचालनमा रहेका विद्यालयलाई सम्झनु पर्छ ।

(ठ) " धार्मिक विद्यालय" भन्नाले गुम्बा, गुरूकुल, आश्रम र मदरसा जस्ता धार्मिक विद्यालयहरूलाई सम्झनु पर्छ ।

केशव नन्द वनिया
गाउँपालिका अध्यक्ष